# पहिचान नभएका तथा बेवारिसे शव व्यवस्थापन (पहिलो संशोधन) निर्देशिका, २०८३

प्रस्तावना : पहिचान नभएका तथा बेवारिसे शव व्यवस्थापन निर्देशिका, २०७८ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

नेपाल प्रहरी ऐन, २०१२ को दफा २२क. को प्रयोजनको लागि नेपाल सरकारले देहायको निर्देशिका बनाएको छ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस निर्देशिकाको नाम "पहिचान नभएका तथा बेवारिसे शव व्यवस्थापन (पहिलो संशोधन) निर्देशिका, २०८३" रहेको छ।

(२) यो निर्देशिका नेपाल सरकारबाट स्वीकृत भएको मितिदेखि प्रारम्भ हुनेछ।

२. पहिचान नभएका तथा बेवारिसे शव व्यवस्थापन निर्देशिका, २०७८ को दफा २ मा संशोधन : पहिचान नभएका तथा बेवारिसे शव व्यवस्थापन निर्देशिका, २०७८ (यसपछि "मूल निर्देशिका" भनिएको) को दफा २ को खण्ड (ग) पछि देहायको खण्ड (ग१) थपिएको छ :-

"(ग१) "शव व्यवस्थापन" भन्नाले शवलाई पूर्ण रूपले अन्त्य नगरी अस्थायी रूपमा गरिने व्यवस्थापन सम्झनु पर्छ।"

३. मूल निर्देशिकाको दफा ८ मा संशोधन : मूल निर्देशिकाको दफा ८ को उपदफा (३) पछि देहायको उपदफा (४) थपिएको छ :-

"(४) यस दफा बमोजिम पोर्टलमा विवरण राखिएको सूचना केन्द्रले सार्वजनिक सञ्चार माध्यमबाट प्रशारण वा प्रकाशन गर्नु पर्नेछ।"

४. मूल निर्देशिकाको दफा १० मा संशोधन : मूल निर्देशिकाको दफा १० मा देहायको स्पष्टीकरण थपिएको छ :-

"स्पष्टीकरण : यस दफाको प्रयोजनको लागि "शव" भन्नाले त्यसरी भेटिएको शरीरको कुनै अङ्ग वा भागलाई समेत जनाउँछ।"

५. मूल निर्देशिकाको दफा ११ मा संशोधन : मूल निर्देशिकाको दफा ११ को उपदफा (४) को,-

(१) खण्ड (ख) मा रहेका "हस्तान्तरण हुन नसकी" भन्ने शब्दहरु पछि "शव व्यवस्थापन गरिएका वा" भन्ने शब्दहरु थपिएका छन्।

(२) खण्ड (ग) मा रहेको "अन्त्येष्टि" भन्ने शब्दको सट्टा "शव व्यवस्थापन वा अन्त्येष्टि" भन्ने शब्दहरु राखिएका छन्।

नेपाल सरकार
गृह मन्त्रालय

६. <u>मूल निर्देशिकाको दफा १३ मा संशोधन</u> : मूल निर्देशिकाको दफा १३ को उपदफा (१) को,-

(१) खण्ड (ङ) मा रहेका "बेवारिसे शव" भन्ने शब्दहरूको सट्टा "बेवारिसे शवको शव व्यवस्थापन वा" भन्ने शब्दहरू राखिएका छन्।

(२) खण्ड (च) मा रहेको "अन्त्येष्टि" भन्ने शब्दको सट्टा "शव व्यवस्थापन वा अन्त्येष्टि" भन्ने शब्दहरु राखिएका छन्।

७. <u>मूल निर्देशिकाको दफा १४ मा संशोधन</u> : मूल निर्देशिकाको दफा १४ को खण्ड (घ) पछि देहायको खण्ड (घ१) थपिएको छ :-

"(घ१) विपद्को कारण मृत्यु भएका व्यक्तिको शवको हकमा जिल्ला विपद् व्यवस्थापन समितिले तोकेको स्थान,"

८. <u>मूल निर्देशिकामा दफा १४क. थप</u>: मूल निर्देशिकाको दफा १४ पछि देहायको दफा १४क. थपिएको छ :-

"१४क. <u>विपद्को कारण मृत्यु भएका व्यक्तिको शव परीक्षण</u> : (१) विपद्बाट मृत्यु भएका व्यक्तिको शव वा शरीरको कुनै अङ्ग वा भाग फेला परेको अवस्थामा सोको लाशजाँच मुचुल्का र प्रारम्भिक शारीरिक जाँचबाट त्यस्तो व्यक्तिको मृत्यु विपद्को कारणबाट भएको सुनिश्चित भएमा शव परीक्षण गर्दा व्यक्ति पहिचानका लागि आवश्यक हुने परीक्षण मात्र गर्न सकिनेछ।

(२) उपदफा (१) बमोजिम परीक्षण गरिएका पहिचान नभएका वा बेवारिसे शव वा शरीरको अङ्ग वा भागको व्यवस्थापन गर्नुअघि व्यक्ति पहिचान गर्न डि. एन. ए. लगायतका परीक्षण गर्नको लागि आवश्यक नमूना सङ्कलन गरी राख्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिमका व्यक्ति पहिचान नभएका वा बेवारिसे शव वा शरीरको अङ्ग वा भागको शव व्यवस्थापन गर्दा त्यस्तो शव वा शरीरको अङ्ग वा भागको पहिचान हुनसक्ने सङ्केत चिह्न राखी सुरक्षित तवरले जमिनमुनी राख्न सकिनेछ।

(४) उपदफा (३) बमोजिम राखिएको शव वा शरीरको अङ्ग वा भागको हकवाला पहिचान भई त्यस्तो हकवालाले जिम्मा लिन चाहेमा निजलाई त्यस्तो शव वा शरीरको अङ्ग वा भाग हस्तान्तरण गर्नु पर्नेछ।"

९. <u>मूल निर्देशिकाको अनुसूची-२ मा संशोधन</u> : मूल निर्देशिकाको अनुसूची-२ मा रहेको शव वर्गीकरण विवरण तालिकामा रहेको क्रमसङ्ख्या ५ पछि देहायको क्रमसङ्ख्या ६ थपिएको छ :-

"

| | | | |
|---|---|---|---|
| ६ | शरीरको कुनै अङ्ग वा भाग | | |

"

नेपाल सरकार
गृह मन्त्रालय

२०८१.८